'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १५८ आइतवार २० माघ, २०८१ 02 (Sunday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

कर्णालीका स्थानीय तहले ८० प्रतिशतसम्म अनुदान पाउने

नमस्ते समचारदाता
सुर्खेत, माघ/१९


कर्णाली प्रदेश - नेपाल
नेपाल
भारत
चीन
स्थानीय तह - कर्णाली प्रदेश
जिल्ला | नगरपालिका संख्या | गाउँपालिका संख्या | जम्मा वडा | जनसंख्या
रुकुम | ३ | ३ | ७३ | १५५३८३
सल्यान | ३ | ७ | ८३ | २४२४४४
सुर्खेत | ५ | ४ | ९९ | ३५०८०४
दैलेख | ४ | ७ | ९० | २६१७७०
जाजरकोट | ३ | ४ | ७७ | १७१३०४
डोल्पा | २ | ६ | ६५ | ३६७००
जुम्ला | १ | ७ | ६० | १०८९२१
कालिकोट | ३ | ६ | ८२ | १३६९४८
मुगु | १ | ३ | ४५ | ५५२८६
हुम्ला | ० | ७ | ४४ | ५०८५८
जम्मा | २५ | ५४ | ७१८ | १५७०४१८
संकेत
जिल्ला सिमाना
गाउँ/नगरपालिका सिमाना
जिल्ला सदरमुकाम
प्रादेशिक सहयोग इकाई - सुर्खेत
xxx नगरपालिका
xxx गाउँपालिका
0 5 10 20 कि.मि.
हुम्ला
मुगु
डोल्पा
जुम्ला
कालिकोट
दैलेख
जाजरकोट
रुकुम
सुर्खेत
सल्यान
बिरेन्द्रनगर
प्रदेश नं. ५
जम्मा क्षेत्रफल | २४,४५३ वर्ग कि.मि.
जम्मा जनसंख्या | १,५७०,४१८
पुरुष | ७६७,९२३
महिला | ८०२,४९५

कर्णालीका ६३ प्रतिशत स्थानीय तहले संघीय सरकारबाट ८० प्रतिशतसम्म समपूरक अनुदान रकम पाउने भएका छन्। सरकारले समपूरक अनुदानसम्बन्धी कार्यविधि २०८१ मा अनुदान दिने सीमा निर्धारण गरेपछि स्थानीय तहले ८० प्रतिशतसम्म पाउने भएका हुन् । नयाँ कार्यविधिले गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागतको ८० प्रतिशतसम्म पाउने कर्णाली प्रदेशका ६३ दशमलव २९ प्रतिशत स्थानीय छन् । यो कर्णाली प्रदेशमा रहेका ७९ वटा स्थानीय तहमध्ये ५० वटाले ८० प्रतिशत अनुदाउन पाउने संख्या हो। लागत अनुमान एक करोडदेखि सात करोडसम्म छ। कार्यविधि अनुसार आर्थिक, सामाजिक, पूर्वाधार अवस्था र राजस्व क्षमता अनुसार कर्णाली प्रदेश सरकारलाई संघीय सरकारले ७० प्रतिशत अधिकतम अनुदान र प्रदेश सरकारले विनियोजन गर्ने ३० प्रतिशत छ। सरकारले भौतिक पूर्वाधार विकासका विभिन्न क्लष्टर र सीमा तोकेर स्थानीय तथा प्रदेश सरकारलाई समपूरक अनुदान दिने गरेको छ। संशोधन गरिएको कार्यविधि अनुसार अब कर्णालीका ५० वटा स्थानीय तहले ८० प्रतिशतसम्म समपूरक अनुदान पाउनेछन् । कार्यविधि अनुसार 'क' वर्गमा पर्नेले सबैभन्दा धेरै र 'च' वर्गमा पर्नेले सबैभन्दा कम अनुदान पाउने छन्। कर्णालीका १६ पालिका 'ख' वर्गमा तथा १६ पालिका 'ग' वर्गमा परेका छन् । वर्गीकरणअनुसार 'च' वर्गमा वर्गीकरण भएका स्थानीय तहले २० प्रतिशत, 'ङ' वर्गका स्थानीय तहले ४० प्रतिशत, 'घ' वर्गअन्तर्गतका स्थानीय तहले ५० प्रतिशत, 'ग' वर्गअन्तर्गतका स्थानीय तहले ६० प्रतिशत, 'घ' वर्गअन्तर्गतका स्थानीय तहले ७० प्रतिशत र 'क' वर्गअन्तर्गतका स्थानीय तहले ८० प्रतिशत समपूरक अनुदान प्राप्त गर्नेछन् । राष्ट्रिय योजना आयोगले ०८२/८३ मा संघीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना र कार्यक्रमको प्रस्ताव माग गरेको छ। योजना आयोगका अनुसार कार्यविधि संशोधन भएर कार्यान्वयनमा आएसँगै अनुदानका लागि प्रस्ताव माग गरिएको हो। यसअघि समपूरक अनुदानमा संघले ५० प्रतिशत योगदान गर्ने र बाँकी ५० प्रतिशत सम्बन्धित प्रदेश तथा स्थानीय तहले व्यहोर्ने यसअघिको व्यवस्था संशोधन गरी २० देखि ८० प्रतिशतसम्म व्यहोर्नुपर्ने व्यवस्था छ । आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमको माग गरिएको हो। समपुरक अनुदान पाउनका लागि ११ प्रमुख क्षेत्र निर्धारण गरिएको छ। विशेष अनुदानका लागि ६ शीर्षक निर्धारण गरिएको छ। आयोजना तथा कार्यक्रमको अवधि तीन वर्ष रहेको छ।

किसानलाई स्याउ र ओखरका बिरुवा वितरण

नमस्ते समचारदाता
हुम्ला, माघ/१९

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाईले (स्याउ जोन) कार्य क्षेत्रका किसानलाई पचास प्रतिशत अनुदानमा स्याउ तथा ओखरका बिरुवा वितरण गरेको छ । यसअघि थोरै अनुदानमा बिरुवा किसानलाई वितरण गर्दै आएको परियोजनाले किसानलाई अपनत्व लिनका लागि कृषकको लगानी बृद्धि गरेको हो । परियोजनाका निमित्त कार्यालय प्रमुख लक्ष्मी प्रसाद अधिकारीले यस आर्थिक वर्षको वार्षिक कार्यक्रम अनुसार परियोजना लागु भएको सिमकोट र नाम्खा गाउँपालिकाका किसानलाई स्याउ र ओखरका बिरुवा पचास प्रतिशतमा बिक्री गर्ने कार्य भई रहेको बताए । परियोजनाले यस पटक छ हजार पाँच सय बोट स्याउ र एक हजार नौ सय बोट ओखर जुम्लाबाट खरिद गर्दै पैदल मार्गबाट ढुवानी गरेर कार्यालयमा ल्याई पुर्याएर किसानलाई बिक्री गरेको हो। स्याउको मुल्य प्रति बोट एक सय पाँच रुपियाँ र ओखरको मुल्य प्रति बोट छ सय रुपियाँ निर्धारण गरिएको छ सो मुल्यको पचास प्रतिशत किसानबाट लागत साझेदारी गर्दै स्याउ र ओखर बिक्री गर्ने कार्य भई रहेको छ। उत्पादनशील कार्यक्रमका लागि परियोजनाले किसानलाई पचास प्रतिशत अनुदान दिने नियम अनुसार बिरुवा बिक्री गरिएको हो । बिरुवा प्रति अपनत्व बढाउनका लागि परियोजनाले बिरुवामा लागत साझेदारीको ब्यवस्था गरेको हो। यस वर्ष २५ हेक्टरमा स्याउ र बीस हेक्टमा ओखरका बिरुवा लगाईने छ। स्याउका बिरुवा लिनका लागि २५ जना किसानका फर्म र ओखरमा २३ जना किसानहरुका फर्म सुचिकृत परियोजनासंग भएका छन् । फाट्टफुट्ट बिरुवा लगाउनेलाई पनि दुई चार बोट दिने गरिएको छ। किसानहरुले खाल्डो खनेर तयार पारेपछि बिरुवा दिने गरिएको छ । खार्पुनाथ गाउँपालिकाको खार्पुसम्म राष्ट्रिय सडक सञ्जालसंग जोडिएको कारण पहिलो पटक माघ महिनाको सुरु मै बिरुवा जिल्लामा पुर्याएर बिक्री गर्न परियोजना सफल भएको हो। यसअघि हवाई मार्गबाट महङ्गो ढुवानी भाडा तिरेर बिरुवा ल्याउने गरिन्थ्यो।

२२ माघदेखि कर्णालीमा एचपिभी खोप अभियान सञ्चालन गरिने

नमस्ते समचारदाता
सुर्खेत, माघ/१९



लक्षित समूह र लक्षित संख्या

क्र स	जिल्ला	नियमित खोपको लक्षित समूह: कक्षा ६ मा अध्ययनरत छात्राहरू	नियमित खोपको लक्षित समूह: विद्यालय नजाने १० वर्षका किशोरीहरू	नियमित जम्मा	अभियानको लक्षित समूह: कक्षा ७-१० मा अध्ययनरत छात्राहरू	अभियानको लक्षित समूह: विद्यालय नजाने ११-१४ वर्षका किशोरीहरू	अभियान जम्मा	कुल जम्मा
१	मुगु	697	58	755	2,799	825	3,624	4,379
२	डोल्पा	452	159	611	1,555	475	2,030	2,641
३	हुम्ला	683	54	737	2,460	539	2,999	3,736
४	जुम्ला	1,383	109	1,492	5,860	1,477	7,337	8,829
५	कालिकोट	1,850	137	1,987	7,515	2,421	9,936	11,923
६	रुकुम पश्चिम	1,998	128	2,126	8,044	1,936	9,980	12,106
7	सल्यान	2,531	170	2,701	9,632	2,180	11,812	14,513
८	सुर्खेत	5,025	267	5,292	19,003	4,045	23,048	28,340
९	जाजरकोट	2,599	155	2,754	10,475	2,723	13,198	15,952
१०	दैलेख	3,005	197	3,202	11,791	3,098	14,889	18,091
कर्णाली प्रदेश जम्मा		20,223	1,434	21,657	79,134	19,719	98,853	120,510

कर्णाली प्रदेशमा माघ २२ गतेदेखि फागुन ६ गतेसम्म पाठेघरको मुखको क्यान्सर गराउने 'ह्युमन प्यापिलोमा भाइरस' (एचपिभी) विरुद्धको खोप अभियान सञ्चालन हुने भएको छ। कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतले सञ्चारकर्मीहरूसँग अन्तरक्रिया गर्दै अभियानको तयारी बारे जानकारी गराएको हो । कार्यक्रममा वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नवराज कँडेलले एचपिभी भाइरसका कारण पाठेघरको मुखको क्यान्सर मात्र नभई यौनाङ्गमा आउने मुसा तथा अन्य क्यान्सरसमेत हुन सक्ने भएकाले १० देखि १४ वर्षसम्मका किशोरीलाई अनिवार्य रूपमा खोप लगाउनुपर्ने बताए। खोप सुरक्षित भएकाले कुनै भ्रममा नपर्न अभिभावक, शिक्षक, जनप्रतिनिधि तथा सञ्चारकर्मीलाई खोपको प्रचार-प्रसारमा सहयोग गर्न उनले अनुरोध गरे। अभियानलाई प्रभावकारी बनाउन पालिकाका आधारभूत र माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूलाई समेत समन्वय गर्न आग्रह गरिएको छ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत एचपिभी खोपलाई प्राथमिकतामा राख्दै पहिलो चरणमा कास्की र चितवनमा अभियान सञ्चालन गरेको थियो। आगामी २०८१ माघदेखि देशभर विस्तार गर्ने लक्ष्य राखिएको छ । राष्ट्रिय खोप कार्यक्रम सन् २०३४ बाट सुरु भई हाल १६ हजारभन्दा बढी खोप केन्द्रमार्फत १३ प्रकारका खोप वितरण हुँदै आएको छ। नेपाल सरकारले खोप कार्यक्रमलाई बाल मृत्युदर घटाउने प्रमुख उपायका रूपमा अघि बढाएको छ। पोलियो रोग निवारणका लागि प्रभावकारी खोप अभियान सञ्चालन भइरहेको छ । कर्णालीमा सञ्चालन हुने एचपिभी खोप अभियानले प्रदेशमा किशोरीको स्वास्थ्य सुरक्षामा टेवा पुऱ्याउने स्वास्थ्यकर्मीहरूको विश्वास छ। यो अभियानबाट ९८ हजार ८५३ जना छात्रा लाभान्वित हुने विश्वास गरिएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
☎ कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

के कक्षाकोठामा सिसिटिभी राख्नु उपयुक्त छ?

डा.पेशल खनाल

केही महिनाअघि राम्रा र ठूला सामुदायिक स्कुलको स्थलगत अध्ययनका क्रममा एउटा स्कुलमा पुग्दा प्रधानाध्यापक सिसिटिभी मार्फत सबै कक्षाकोठाका गतिविधि निगरानी गर्दै थिए। कुराको सिलसिलामा उनले सिसिटिभी प्रयोगले विद्यार्थी अनुशासित भएको, जिम्मेवार बनेको र शिक्षण प्रभावकारिता बढेको बताए। सरकारले केही वर्षयता सामुदायिक स्कुलमध्ये केही छानेर 'मोडल (नमूना) स्कुल' घोषणा गरेको छ। त्यस्ता स्कुलले अतिरिक्त बजेट र खास किसिमका कार्यक्रम पाउँछन्। हाल देशभमा ४२२ वटा मोडल स्कुल छन्। यसमा कमजोर स्कुलले मोडल स्कुलका अभ्यास अनुकरण गर्न सकून् र सबै स्कुल मोडल बन्न सकून् भन्ने उद्देश्य छ। संघीय सरकारकै सिको गरेर प्रादेशिक र स्थानीय सरकारले पनि मोडल स्कुल घोषणा गर्न थालेका छन्। यति बेला कमजोर अवस्थाका सामुदायिक स्कुल डार्बिनको 'सर्भाइभल अफ द फिटेस्ट' सिद्धान्तअनुसार मोडल स्कुलको सिको गर्दै विद्यार्थी संख्या बढाउन प्रयासरत छन् वा सरकारको 'मर्जर' नीतिअनुसार ठूला स्कुलमा मर्जर हुन (गाभिन) बाध्य छन्। सरकारको हालको 'मोडल' र 'मर्जर' नीतिले सार्वजनिक शिक्षामा समता र न्याय सुनिश्चित गर्ने राज्यको उत्तरदायित्व उपहास गरेको छ । यस विषयमा कोलम्बिया विश्वविद्यालयका सहप्राध्यापक डा. प्रेम फ्याकसँगको सहकार्यमा गरिएको विस्तृत अनुसन्धानको निष्कर्ष सिकागो विश्वविद्यालयको प्रतिष्ठित जर्नल 'कम्पेरेटिभ एजुकेसन रिभ्यु' मा प्रकाशोन्मुख छ। यो लेखमा मोडल स्कुलले 'सफल' उदाहरणका रूपमा प्रस्तुत गरेको 'सिसिटिभीमार्फत कक्षा शिक्षणको प्रभावकारिता वृद्धि हुने' तर्कसँग सम्बन्धित विषयमा चर्चा गरेको छु। अहिले विश्वभरि विद्यालय शिक्षा सुधारमा नवउदारवादी सिद्धान्तको बलियो प्रभाव छ। नवउदारवादले शिक्षालाई बजारको वस्तुसरह मान्छ, खुला अर्थतन्त्रमा शिक्षालाई किनबेच वा कारोबार हुने सूचीमा राख्छ । लामो शैक्षिक इतिहासमा विश्वभरि नै शिक्षा क्षेत्र आर्थिक कारोबार र नाफासँग जोडिएको थिएन। नवउदारवादको प्रभाव बढ्दै जाँदा सन् १९७० पछि राज्यको जिम्मामा रहेको शिक्षा खुला बजारमा गयो र नाफाको ध्येयले शिक्षण संस्था चल्न थाले । नेपालमा पनि विशेष गरी सन् १९९० पछि विद्यालय शिक्षामा निजी क्षेत्रको प्रवेश विस्तार भयो। विश्वबैंक र एसियाली विकास बैंक जस्ता नवउदार वादका प्रमुख संवाहकहरू शिक्षा सुधार मा सहयोग गर्ने भन्दै हाम्रो राजनीतिक मैदानमा प्रवेश गरे। फलस्वरूप नेपालमा सन् १९९० देखि दाताको प्राविधिक र आर्थिक सहयोगमा विद्यालय सुधारका प्रयासहरू भएका छन् र प्रयास जारी छ। सबैका लागि शिक्षा कार्य योजना (सन् २००४-२००९), विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (सन् २०१६-२०२३) र विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२२-२०३२) यस्तै प्रयासमध्येका हुन् । मोडल स्कुलको अवधारणा विद्यालय शिक्षा विकास योजना (सन् २०१६-२०२३) को कार्यक्रममा आएको हो। मोडल स्कुलले निजी स्कुलको नक्कल गऱ्यो। निजी स्कुलतर्फ विद्यार्थीको प्रवाह रोक्न नक्कल गर्नुपरेको मोडल स्कुलका प्रधानाध्यापकहरूको तर्क हुने गरेको छ। अहिले ठूला र राम्रा मानिएका सामुदायिक स्कुलमा अंग्रेजी माध्यममा पढाइ हुन्छ। स्कुल ड्रेसमा टाई, बेल्ट र ट्र्याकसुट हुन्छ। स्कुल बस हुन्छ। अतिरिक्त कक्षा र कम्प्युटर ल्याब हुन्छ। यसनिम्ति अतिरिक्त शुल्क लगाइएको हुन्छ। सिसिटिभीको निगरानी पनि नक्कल अन्तर्गत नै पर्छ। यस्तो परिवर्तनले सामुदायिक स्कुल अब्बल बन्दै गएको भन्ने आमबुझाइ देखिन्छ। यस्ता सामुदायिक स्कुलले अन्य उत्कृष्ट र नमूना काममार्फत उल्लेखनीय उपलब्धि हासिल गरेको मानिएको छ। यसरी मोडल स्कुल अवधारणा उपलब्धिमूलक मानिए पनि यस्तो सुधारले शैक्षिक प्रक्रिया र गुणस्तरको सर्वमान्य सिद्धान्त र स्थापित मान्यतामाथि प्रश्न उठाउने ठाउँ दिएको छ। कक्षाकोठामा सिसिटिभीको प्रयोग र त्यसको माध्यमबाट भइरहेको सर्भेलियन्स (निगरानी) शिक्षणका स्थापित मान्यताको बर्खिलापमा छ । कक्षाकोठामा हुने सिकाइ एक सिर्जनात्मक प्रक्रिया हो। यसले शिक्षक र विद्यार्थीबीच स्वतन्त्र, स्वाभाविक, मौलिक र रोचक अन्तर्क्रिया प्रोत्साहित गर्छ। पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ क्षमता विकास गर्न विषयवस्तुको ज्ञान विद्यार्थीका सिकाइमा रूपान्तरण गर्नु सामान्य काम होइन। यो काम गर्न शिक्षकले केवल विषयवस्तुको प्राविधिक वा औपचारिक प्रसारण गरेर पुग्दैन। शिक्षकले एक कलाकारले झैं अनेक शिक्षण विधिबाट सिकाइ प्रक्रिया जीवन्त बनाउनुपर्छ । हरेक विद्यार्थी विशेष र पृथक हुन्छ। एउटै कक्षाकोठाका विद्यार्थीहरूको रूचि, क्षमता र भाषिक तथा सामाजिक-सांस्कृतिक विशेषता फरक हुन्छ। यसैअनुसार सिक्ने तरिका पनि फरक हुन्छ । शिक्षकले एउटा कक्षामा एउटै विषयवस्तु पढाउँदा पनि विद्यार्थीको विशेषता र क्षमता अनुसार भिन्नभिन्न तरिका अपनाउनुपर्छ जसबाट सिकाइ प्रभावकारी र समावेशी बन्न सकोस्। प्रत्येक विद्यार्थीले सिक्न सक्छ। यसका लागि शिक्षकले विद्यार्थीको विशिष्टता चिन्नुपर्छ। त्यस अनुसार शिक्षण प्रक्रियामा विविधता ल्याउनुपर्छ । आवश्यकता अनुसार शिक्षकले विद्यार्थीलाई अभिभावकसरह माया गर्नुपर्छ, मार्गदर्शन गराउनुपर्छ। कहिलेकाहीँ विद्यार्थीको समस्या सुन्नुपर्छ र समाधानका लागि साथीजस्तो भूमिका निर्वाह गर्नुपर्छ । हिन्दी चलचित्र 'तारे जमिन पर' मा शिक्षकको भूमिकामा रहेका आमिर खानले 'डिस्लेक्सिया' को समस्या झेलिरहेको विद्यार्थी इशानलाई वात्सल्यपूर्ण व्यवहारको नमूना प्रस्तुत गरेका छन्। डिस्लेक्सिया सिकाइमा हुने एक प्रकारको कमजोरी वा विचलन हो जसले व्यक्तिको पठन र भाषिक क्षमता विकास अवरूद्ध गरिदिन्छ । यो चलचित्रले परिवार, समाज र विद्यालयले कमजोर ठहऱ्याएका बालबालिकाले कसरी आफ्नो लुप्त क्षमता उजागर गर्न सक्छन् र जीवनमा उमंग ल्याउन सक्छन् भन्ने विषय रोचक ढंगले प्रस्तुत गरेको छ। विद्यार्थीको मनोविज्ञान, पारिवारिक तथा आर्थिक-सामाजिक र सिकाइसम्बन्धी कठिनाइमा शिक्षकले आफ्नो भूमिका निर्वाह गर्नुपर्छ। शिक्षकले प्रत्येक विद्यार्थीलाई आफ्नै सन्तानसरह तिनको संवेग गहिरो रूपमा बुझ्दै सतर्कतापूर्वक व्यवहार गर्नुपर्छ। कक्षाकोठामा सिसिटिभी जडान गरेर प्रधानाध्यापकले निगरानी र नियन्त्रण गरेपछि शिक्षक र विद्यार्थी दुवैको स्वतन्त्र र स्वाभाविक क्रियाकलाप संकुचित हुन्छ ।सिसिटिभीमा सबै देखिने भएपछि विद्यार्थीसँग उपयुक्त संवेगात्मक व्यवहार गर्न शिक्षक हिच्किचाउँछ। अस्वाभाविक रूपमा उसको सतर्कता बढ्छ। सिकाइ प्रक्रिया औपचारिक र प्राविधिक बन्न जान्छ । विद्यालय समाजको प्रतिविम्ब हो। यहाँ हुने सिकाइ सामाजिक जीवनको तयारी हो। घरपरिवार र समाजमा स्वतन्त्र र प्राकृतिक रूपले बालबालिकाको अनेक सिकाइ भइरहेको हुन्छ विद्यालयमा पनि सिकाइको वातावरण स्वतन्त्र हुनुपर्छ। सिकाइ अनौपचारिक र व्यावहारिक बढी, औपचारिक र सैद्धान्तिक कम हुनुपर्छ। सिकाइ प्रक्रियामा शिक्षक र विद्यार्थीको स्वतन्त्रता र मौलिकता केन्द्रमा हुनुपर्छ। सिसिटिभीले कक्षाकोठाको स्वतन्त्रता र मौलिकता अस्वाभाविक रूपमा संकुचित र निरूत्साहित गर्छ। विद्यालय परिसर र कक्षाकोठामा विद्यार्थीको अनुशासन कायम गर्न र सुरक्षा बढाउन सिसिटिभी जडान गर्नुपरेको भन्ने तर्क सुनिन्छ। एक मोडल स्कुलका प्रधानाध्यापकका अनुसार शिक्षकको व्यवहार निगरानी गर्न सिसिटिभी राखिएको होइन, कक्षा व्यवस्थित बनाउन तथा विद्यार्थीले गर्न सक्ने अवाञ्छित क्रियाकलाप रोक्न राखिएको हो । सिसिटिभी जडानपछि शिक्षक बढी जिम्मेवार बनेको र विद्यार्थीमा अनुशासन बढेको भन्ने आफ्नो अनुभव पनि उनले सुनाए । विद्यालयमा अनुशासन र सुरक्षाको कुरा निगरानी, नियन्त्रण र निर्देशनभन्दा बढी निरन्तर सिकाइसँग सम्बन्धित हुन्छ। यस्तो सिकाइ अनुभव र अनुभूतिको माध्यमबाट दिगोरूपमा हासिल हुन सक्छ । प्रसिद्ध अमेरिकी मनोवैज्ञानिक थर्नडाइकले 'अभ्यास, त्रुटि र अनुभूति' को शृंखलाबाट मात्रै दिगो सिकाइ हुन्छ र तदनुकूल व्यवहार परिवर्तन हुन्छ भनेका छन्। अर्तीउपदेश, पुरस्कार वा सजायको प्रभावले हुने सिकाइ क्षणिक हो। दिगो सिकाइ र व्यवहार निर्माणका लागि कहिलेकाहीँ तितो अनुभव र अनुभूति पनि आवश्यक हुन्छ। सिसिटिभीले कक्षा निगरानी हुँदा आफ्नो स्वतन्त्रता र शिक्षण विविधीकरणमा अंकुश लागेको अनुभव शिक्षकहरूको छ। यस सम्बन्धमा केही शिक्षकहरूको प्रतिनिधि भनाइ यहाँ राखिएको छ । शिक्षक एक - कक्षाकोठामा सिसिटिभी जडान भएपछि शिक्षण सिकाइमा मेरो मौलिकता घटेको छ। सिसिटिभीको निगरानीले मेरो हाउभाउ र बोलिचाली फेरिएको छ। म अनौठो देखिऊँला कि भन्ने लाग्न थालेको छ । शिक्षक दुई - स्कुलले अंग्रेजी माध्यममा पठनपाठन सुरू गरेपछि कक्षा कोठामा सिसिटिभी जडान गऱ्यो। विद्यार्थीलाई कक्षामा नेपाली बोल्न नदिने भनिएको छ। मेरो अंग्रेजी राम्रो छैन, नेपालीमै कुरा बुझाउँथें। सिसिटिभी जोडेपछि मलाई धक लाग्ने गरेको छ।

शिक्षक तीन - विद्यालय प्रशासनले हामीलाई नचाहिँदो अविश्वास र शंका गरेको छ। कक्षाकोठामा शिक्षकको मौलिक शैली र अनौपचारिकता घटेको छ। औपचारिकता बढेको छ । उपर्युक्त प्रतिनिधि भनाइले सिसिटिभी निगरानीमा शिक्षकहरू असन्तुष्ट रहेको देखाउँछ। स्कुलमा सिसिटिभीमार्फत शिक्षक र विद्यार्थीका गतिविधि रेकर्ड गरिए पनि त्यसको संवेदनशीलता, उपयोग र सुरक्षासम्बन्धी स्पष्ट नीतिगत व्यवस्था छैन। स्कुलले सार्वजनिक स्थानमा सिसिटिभी जडान गर्न लागू हुने सरकारी मापदण्ड पालना गरेको पनि पाइएन। अध्ययनका क्रममा हामीले सिसिटिभी डाटा कति दिन सुरक्षित राखिन्छ, कसरी उपयोग गरिन्छ र कुनै रेकर्ड बाहिरिएर दुरूपयोग भए को जिम्मेवार हुन्छ भन्ने प्रश्न सोधेका थियौं। यसमा स्कुल प्रशासनबाट ठोस जबाफ आएन । प्रसिद्ध फ्रेन्च दार्शनिक तथा समाजशास्त्री मिशेल फुकोले सन् १९७५ मा आफ्नो पुस्तक 'डिसिप्लिन एन्ड पनिसः द बर्थ अफ द प्रिजन' मा आधुनिक समयमा मानिसलाई अनुशासन र अप्रत्यक्ष निगरानीका अनेक प्रपञ्चमार्फत सजाय गर्ने गरिएको छ भनेका छन् । उनका अनुसार शारीरिक यातना वा हिंसाको सार्वजनिक प्रदर्शनको साटो संरचित वा रूटिन दिनचर्या, निगरानी र नियन्त्रणको माध्यमले व्यक्तिको व्यवहार सुधार गर्ने उपाय प्रचलित हुनेछ । उनले पुस्तकमा आधुनिक जेलमा केन्द्रीय टावरबाट विशेष अवलोकन गरेर कैदीलाई त्रासमा राख्ने प्रबन्ध गरेको कुरा उल्लेख गरेका छन्। उनले यस्तो प्रबन्धलाई 'प्यनोप्टिक सर्भेलियन्स' भनेका छन्।'कुकुरदेखि सावधान' लेखिएको प्लेट यस्तै सर्भेलियन्स हो जसले घरमा कुकुर भए वा नभए पनि आगन्तुकलाई सतर्क गरइदिन्छ। फुकोले त्यस बेला नै भनेका थिए - स्कुल, कारखाना, अस्पताल, सैनिक संस्था वा अन्य सामाजिक निकायले निगरानी र नियन्त्रणका यस्ता विधिहरू उपयोग गर्दै आफ्नो उद्देश्य अनुकूल व्यक्तिको व्यवहार विकास गर्न कारागारी अनुशासन बढाउनेछन् । अहिलेका अध्ययनले पनि करिब ५० वर्षपहिले फुकोले अघि सारेको धारणा अनुरूपकै नतिजा देखाएका छन्।कक्षाकोठामा सिसिटिभी निगरानीबाट स्कुल प्रशासनले शिक्षक र विद्यार्थीलाई तोकिएअनुसार भाषा, गतिविधि र व्यवहारमा सीमित राख्ने प्रयास गरेका छन् । अध्ययनहरूको निष्कर्ष छ- स्कुलको बाह्य सुरक्षाका लागि सिसिटिभी उपयोगी भए पनि कक्षाकोठामा यसले शिक्षक र विद्यार्थीमा अनावश्यक भय, संशय र अविश्वासको वातावरण सिर्जना गरेको छ। परिणामस्वरूप शिक्षण सिकाइ अत्यन्तै औपचारिक र यान्त्रिक भएको छ। सिकाइको विविधता, रोचकता र व्यावहारिकता कमजोर बनाएको छ। शिक्षक र विद्यार्थीको मौलिक सिकाइ प्रक्रियामा बाधा सिर्जना गरेको छ। यसर्थ नियन्त्रण र निगरानीबाट होइन; स्वतन्त्रता, रचनात्मकता, रोचकता र खुलापनबाट मात्रै प्रभावकारी सिकाइ प्रभावकारी हुन्छ भन्ने कुरा बुझ्न आवश्यक भएको छ । (डा. पेशल खनाल त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र संकायका प्राध्यापक हुन्।)

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

रैथानेबाली खरिद केन्द्र स्थापना हुने

नमस्ते समचारदाता

जुम्ला, माघ/१९

खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडले रैथाने बाली खरिद केन्द्र स्थापना गर्ने भएको छ। गाउँपालिकासंगको समन्वय र सहकार्यमा खरिद केन्द्र यस आर्थिक वर्षका स्थापना गर्न लागिएको हो। लिमिटेड हुम्ला शाखाका प्रमुख कृष्ण थापा मगरका अनुसार जिल्लामा उत्पादन हुने रैथान बालीको प्रर्बद्धन गर्नका लागि सात वटै गाउँपालिकामा रैथाने बाली खरिद केन्द्र स्थापना गर्न लागिएको छ। स्थानीय स्तरमा रैथाने बाली खरिदमा किसानको पहुँच पुर्याउन यो प्रयास लिमिटेडले गर्न लागेको हो। हाल लिमिटेडले शाखा, डिपो र बिक्री केन्द्रबाट सात वटै गाउँपालिकाका सर्वसाधारणलाई ढुवानी अनुदानको खाद्यान्न बिक्री गर्दै आएको छ। खाद्यान्न बिक्रीका लागि सात वटै गाउँपालिकामा नौ वटा संरचना लिमिटेडले स्थापना गरेको छ। अब प्रत्येक गाउँपालिकामा एक एक वटा बिक्री केन्द्र स्थापना गर्ने गरि सिमकोट, सर्केगाडर ताँजाकोट गाउँपालिकासंग सहमति भई सकेको र बाँकी चार वटा गाउँपालिकासंग पनि चाँडै सम्झौता गर्ने तयारीमा लिमिटेड रहेको छ। खरिद केन्द्र स्थापनाका लागि गाउँपालिकाले भवनको ब्यवस्था र तीन महिनाका लागि ढुवानी अनुदानको खाद्यान्न बिक्री हुने सुनिश्चितता गर्नुपर्ने हुन्छ। जनशक्ति र आवश्यक अन्य श्रोत भने लिमिटेडले गर्ने छ। खरिद केन्द्र स्थापना भएपछि लिमिटेडले किसानबाट खरिद गरेको रैथाने बाली सिधै ढुवानी गरेर सुर्खेत हुँदै काठमाडौंसम्म पुर्याउने छ। हुम्लाका रैथान बालीहरु चिनो, कागुनो, सिमी, कोदो, उवा, उवा लगाएत दुई वर्ष अगाडीबाट शाखाबाट खरिद गरेर लिने गर्दै आएको छ।

वीलभयू, ‘आमाको प्रेम’द्वारा नेपालगञ्जमा रक्तदान अभियान,

नमस्ते समचारदाता

नेपालगञ्ज, माघ/१९

विश्वव्यापी कल्याणकारी संस्था अन्तर्राष्ट्रिय वीभलयू (अध्यक्ष जाङ गिल जा, यसपछि वीलभयू भनिएको) ले सन २०२५ व्बल ३० तारिखमा लुम्बिनी प्रदेश, बाँके, नेपालगञ्जमा विश्वव्यापी रक्तदान अभियान आयोजना गर्यो। वीलभयूका एक जना अधिकारीले भने, “अहिलेसम्म जोखिममा परेको जीवन बचाउने सबैभन्दा सुरक्षित तरिका भनेको नै रक्तदान हो। जीवनको मूल्यको कदर गर्दै सदस्यहरू एउटै चित्तका भएर रक्तदानमा सहभागी भएका छन्। यसले खाँचोमा परेका छिमेकीहरूलाई सहयोग पुर्याउनेछ भन्ने आशा गर्दछौं।” सन् २००४ मा कोरियाबाट सुरु भएको यो ‘रक्तदान अभियान’ एक व्यक्तिबाट सुरु भएको प्रेमपूर्ण कार्य दुई जना, चार जना गर्दै बढ्दैगएर सम्पूर्ण मानव-जाति सहभागी होऊन् भन्ने आशा बोकेको जीवन बचाउने अभियान हो। यो वर्ष २२औँ वर्षमा प्रवेश गर्दै गर्दा ६४ वटा देशबाट ५२,२०० जनाभन्दा बढीले रक्तदान गरेका छन्। वीलभयू फाउन्डेसनले नेपालमा पनि काठमाडौँ, बुटवल, पोखरा जस्ता विभिन्न क्षेत्रहरूमा रक्तदान कार्यक्रम आयोजना गरी जीवन बाँड्ने कार्यमा योगदान पुर्याएको छ। भेरी बस व्यवसायी प्रा.लि.नेपालगंजको सभा हलमा आयोजित रक्तदान कार्यक्रममा नेपालगंज, भिमदत्त, धनगढी, टीकापुर, वीरेन्द्रनगर, कोहलपुर गरि विभिन्न ठाउँबाट इन्टरनेशनल वीलभयू फाउन्डेसन (क्लतभचलबतष्यलबर्ा ध्भ ियखभ थ्यगँयगलमबतष्यल) का सदस्यहरू, उनीहरूको परिवार तथा छिमेकीहरू गरी करीब ४०० जनाले सहभागिता जनाए। स्वास्थ्य जाँचदेखि लिएर रक्तदान गर्नेसम्मको सम्पूर्ण प्रक्रियामा सहभागीहरू क्रमबद्ध ढङ्गले उज्यालो मुहारका साथ सहभागी भए। बिहान ११ बजे सुरु भएको कार्यक्रम अपरान्ह ४ बजे समाप्त भयो। यसबाट १८४ जनाले सफलतापूर्वक ६४,४०० मि.लि रक्तदान गरे। नेपाल रेडक्रसले सामूहिक रक्तदानप्रति आभार प्रकट गर्दै रक्तदानको लागि आवश्यक जनशक्ति तथा उपकरणहरूको व्यवस्था गरायो र ध्भ ियखभ थ्यगँयगलमबतष्यल ले रक्तदाताहरूका लागि खाजाको प्रबन्ध मिलायो। उक्त कार्यक्रममा प्रमुख अतिथी लुम्बीनी प्रदेश, बाँके क्षेत्र नम्बर २(क) का माननीय भन्डारी लाल यादव ज्यू र अतिथीहरू: नेपालगंज उ.म.न.पा.का वडा नं.४ का वडा अध्यक्ष गोपाल पुन, वडा नं ९ का वडा अध्यक्ष श्री गोबिन्द प्रसाद रेग्मी, रा.स्व.पा. का बाँके जिल्ला सभापति हरिपाल सिहं के.सी., नेपाल रेडक्रस सोसाइटी लुम्बीनी प्रदेश उप-संयोजक तथा प्रादेसिक रक्तसंचार बाँकेका संयोजक राज कुमार बर्मा, रक्तसंचार प्रमुख नेपालगंजका उपेन्द्र रेग्मी र रक्तसंचार कोहलपुर शाखाका संयोजक राजेन्द्र महतरा, वीलभयू फाउन्डेसन पश्चिम क्षेत्रका प्रतिनिधी अनिल मोक्तान, भिमदत्त्तका प्रतिनिधी राकेश कायस्ता, टिकापुरका प्रतिनिधी रबि भित्रिकोटी, सुर्खेतका प्रतिनिधी मोहन सुनुवार, कोहलपुरका प्रतिनिधी गोविन्द बहादुर आले मगर, नेपालगंजका प्रतिनिधी विकास अधिकारी, एन.टि.भी.कोहलपुर र एभिन्यूज टेलिभिजनका प्रतिनिधी तथा पत्राकार मित्रहरूको सहभागिता रहेको थियो। माननीय श्री भन्डारी लाल यादव ज्यूले “रक्तदान अरूको जीवन बचाउने परोपकारी र अरूको भलाइ गर्ने कार्य हो भन्दै आफुले पनि विगतको समय देखि रक्तदान गर्दै अएको र वीलभयू फाउन्डेसनले यस क्षेत्रमा रक्तदान गरिदिएकोमा कृतज्ञता व्यक्त गर्दै सहभागीहरूलाई प्रोत्साहित गरे। त्यसै गरी वडा नं. ९ का वडा अध्यक्ष गोविन्द प्रसाद रेग्मी ज्यूले पश्चिमको स्वास्थ्य क्षेत्रको केन्द्र भएको यस क्षेत्रमा रक्तदान गर्नुभएको यो कार्य अतिनै उपयोक्त भएको बताउनु भयो। त्यसैगरि नेपाल रेडक्रस सोसाइटी लुम्बीनी प्रदेश उप-संयोजक तथा प्रादेसिक रक्तसंचार बाँकेका संयोजक राज कुमार बर्माले रगत अभाव परेको समयमा रक्तदान कार्यक्रम गरिदिनु भएकोमा संस्था प्रति धन्यवाद व्यक्त गरे। रक्तदान गरेका वीलभयूका सदस्य मिन बहादुर पुनले “रक्तदान जीवन दान भएकोले रगत अभावमा परी कसैले पनि जीवन गुमाउन नपरोस भन्ने हेतुले रक्तदान गर्न पाउँदा खुसी भएको कुरा व्यक्त गरे। वीलभयूचाहिँ यूएनडिजिसीसँग सहकार्य गर्ने एक गैरसरकारी संस्था हो, र यसका ७९ वटा देशका १,५५,००० जना सदस्यहरूले ‘आमाको प्रेम सारा संसारमा’ भन्ने नाराअन्तर्गत विश्वभरि मानवीय गतिविधिहरू गर्दैआएका छन्। वीलभयूले वातावरण संरक्षण, आपत्कालीन राहत, खानेपानी तथा सरसफाइ, गरिबी तथा भोक उन्मूलन, स्वास्थ्य तथा कल्याण, सामुदायिक कल्याण, शैक्षिक सहयोग जस्ता विविध गतिविधिहरू करीब ४,५०० पटक आयोजना गरि सकेको छ। सो कार्यको सम्मानस्वरूप, वीलभयूले कोरियाली सम्मान पदक, अमेरिकी राष्ट्रपति स्वयंसेवा अवार्ड स्वर्ण, इक्वेडोरको राष्ट्रिय सभा पदक र कम्बोडियाको राजकीय पदक जस्ता थुप्रै अवार्डहरू विश्वभरिबाट प्राप्त गरेको छ। नेपालमा पनि २०७२ सालको भूकम्पका बेला भूकम्प पीडितहरूका लागि राहत कार्य, रूपन्देहीमा भारी वर्षाबाट प्रभावित परिवारका लागि नयाँ घर निर्माण, कोभिड-१९ महामारीको सामना गर्न क्वारेन्टाइन सामग्रीहरू अनुदानमा पनि सक्रिय रूपमा सहभागी भएर वीलभयूले नेपाल पर्यटन बोर्डबाट प्रशंसा-पत्र, इटहरी उपमहानगरपालिकाबाट प्रशंसा-पत्र, कीर्तिपुर नगर पालिकाबाट कदर-पत्र, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधिबाट सम्मान-पत्र जस्ता विभिन्न अवार्डहरू प्राप्त गरेको छ। भविष्यका कर्णधारहरूलाई समर्थन गर्ने कार्यमा पनि सरिक हुँदै वीलभयूले यसै वर्ष भक्तपुरको मध्यपुर ठिमी वडा नं. १ मा अवस्थित सरस्वती विद्यालयमा साइनबोर्ड जडान गरेर घेराबार मर्मत गरिदिनुका साथै पंखाहरू पनि सहयोग गरेको छ।

हुम्लामा मह उत्पादनमा बढ्यो

नमस्ते समचारदाता

हुम्ला, माघ/१९

यस वर्ष हिमाली जिल्ला हुम्लामा मह उत्पादन बढेको छ। फूल फुल्ने समयमा असिना पानी नपर्नु र बेला बेला पानी परेको कारण मौरीका लागि आवश्यक आहारको व्यवस्था हुँदा मह उत्पादनमा वृद्धि भएको हो। सिमकोट गाउँपालिका- २ का बमबहादुर भण्डारीले यस वर्ष मह उत्पादन राम्रो भएको बताए। पाँच घार भएका भण्डारीले यसवर्ष १२५ केजी मह उत्पादन गर्न सफल भएको बताए। उनले गतवर्ष भन्दा राम्रो मह उत्पादन भएको बताउदै आम्दानी पनि राम्रो भएको बताए। मह उत्पादन बढी मात्र नभएर गुणस्तरीय मह पनि उत्पादन भएको छ। उनले सवै मह बिक्री गर्नुभएको छ। मह धेरै उत्पादन हुने नाम्खा गाउँपालिका पनि पर्छ। सो गाउँपालिका- १ का कुन्छाङ लामाले अघिल्लो वर्षको तुलनामा मह राम्रो उत्पादन भएको बताउँदै यसबाट किसानका आम्दानीसमेत वृद्धि भएको बताए। उनका तीस वटा घार रहेका छन्। त्यसबाट छ क्वीन्टल मह उत्पादन उनले गरेका थिए। उत्पादित मह मध्य साँढे चाार क्वीन्टल हम उनले सदरमुकाम सिमकोटमा बिक्री गरेका छन्। अर्को मह राम्रो उत्पादन हुने सिमकोट गाउँपालिका- १ को दोजाम गाउँकी स्यामजोर लामा अघिल्ला वर्ष भन्दा गुणस्तरीय मह उत्पादन भएको बताउँदै आम्दानीमा पनि बृद्धि भएको बताए। उनका चौतीस वटा घार रहेका छन्। त्यसबाट नौ क्वीन्टल अठार केजी मह उत्पादन भएको थियो। त्यो मध्य सात क्वीन्टल मह बिक्री भई सकेको उनले बताए। त्यसैगरी स्थानीय मह ब्यापारी गोर्ख बोहराले जिल्लाभर यसवर्ष मह उत्पादन राम्रो भएको बताए। सात वटै गाउँपालिकामा मह उत्पादन हुने गर्छ। हुम्ला जिल्लाभर एक हजार ७१५ वटा घार रहेको बताउदै उनले यसबाट चौतीस हजार तीन सय केजी मह उत्पादन भएको बताए। हुम्लामा महको मूल्य प्रति केजी एक हजार आठ सय रुपैयाँ पर्ने गर्छ। यसवर्ष जिल्लाभार उत्पादन भएको मह छ करोड १७ लाख चालीस हजार मूल्य छ। गत वर्ष २५ हजार केजी मह जिल्लाभर उत्पादन भएको थियो। आम्दानी हुने भएपछि पहिले दुई तीन वटा घार मौरी पाल्ने स्थानीय अहिले ब्यवसायीक रुपमा मौरी पालनमा लाग्न थाल्नु भएको छ। उद्योग वाणिज्य संघका अध्यक्ष रामबहादुर भण्डारीले मह राम्रो उत्पादन भएको कारण जिल्लाबाहिर निकासी गर्ने क्रम पनि बढेको बताए। मौरी पालनका लागि सवै कुरा मिलेको कारण मह उत्पादन बृद्धि भएको र मह उत्पादनबाट पनि किसानले आम्दानी गर्न थालिएको छ। चार सय घार मात्र आफ्नो गाउँपालिकामा रहेका छन्।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

महावै गाउँपालिका
कालिकोट

‘डिएसपी हुँ’ भन्दै ठगी गर्ने एक जना पक्राउ

नमस्ते समचारदाता

नेपाल प्रहरीको ‘डिएसपी (प्रहरी नायब उपरीक्षक)हुँ’ भन्दै ठगी गर्ने एक जनालाई धनुषा प्रहरीले आज पक्राउ गरेको छ। सिरहाको लहान नगरपालिका-२ का २० वर्षीय धनिकलाल साहलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशङ्कर यादवले जानकारी दिए। उनका अनुसार जिल्लाको गणेशमान चारनाथ नगरपालिका-४ बस्ने रमेश श्रेष्ठसँग आफू नेपाल प्रहरीको डिएसपी हुँ भन्दै नगद रु ५० हजार ठगेको आरोपमा निजलाई पक्राउ गरिएको हो। प्रहरी निरीक्षक यादवले भन, “साहले आफू डिएसपी भएको भन्दै रु ५० हजार ठगी गरेकोबारे श्रेष्ठद्वारा प्रहरीमा दिएकोजाहेरीका आधारमा निजलाई पक्राउ गरिएको हो।” पक्राउ परेका साहलाई जिल्ला अदालतमा ठगी कसुर मुद्दामा म्याद थप गराई थप अनुसन्धान थालिएको उनले जानकारी दिए।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

आठौं कोहलपुर मेयर कप: कृष्ण माविको एकल बर्जस्व

नमस्ते समचारदाता
कोहलपुर, माघ/१९

कोहलपुरमा जारी आठौं अन्तर मावि मेयर कप तथा १७औं पालिका स्तरीय राष्ट्रपति र निङशिल्ड खेलकुद छनौट प्रतियोगिता–२०८१ म कृष्ण माविले एकल वर्जस्व कायम गरेको छ। प्रतियोगिता सुरु भएको चौथो दिन कृष्ण माविले १० स्वर्ण, ७ रजत र ४ कास्य प्राप्त गरी आफ्नो बर्जस्व कायम गरिरहेको छ। सुरुवातमा त्रिभुवन मावि र बालविद्या माविले पछ्याइरहेका थिए। तर आज चौथो दिनसम्म आउँदा मावि तहतर्फ कृष्ण माविले आफ्नो बर्जस्व कायम गरेको हो। यस्तै त्रिभूवन माविले ६स्वर्ण, ४ रजत र २ कास्य प्राप्त गरी आफ्नो लय कायम गरेको छ भने बालविद्या माविले समेत ६ स्वर्ण, १ रजत र १ कास्य ल्याएको छ। यस्तै अन्य कोहलपुर बागेश्वरी ईमी र गोर्खा यूनाईटेडले २/२ स्वर्ण ल्याएका छन भने पञ्चमूखी, ब्राइटलाइट, डाइनामिक, सगरमाथा ज्ञानपुञ्ज स्कुल, बागेश्वरी एकेडेमीले १/१ स्वर्ण ल्याएका छन्। आवि र माविमा ५४ वटा स्वर्णका लागि प्रतिस्पर्धा हुँदैछ भने आविको लागि छात्र भलिबल मात्र बाँकी रहेको प्रतियोगिताका सदस्य सचिव दिलिप वलीले जानकारी दिए। यस्तै आधारभूत तहमा ग्रिन पिसले २ स्वर्ण, ३ रजत प्राप्त गरी आफ्नो बर्जस्व कायम गरेको हो। यस्तै जनज्योति पब्लिक हाइस्कुलले १ स्वर्ण २ रजत र निम्बल एकेडेमीले १ स्वर्ण, १ रजत र १ कास्य प्राप्त गरी ग्रिनपिसलाई पछाईरहेका छन्। आविमा कृष्ण मावि, त्रिभुवन मावि, गोर्खा यूनाईटेड र जिवनज्योतिले १/१ स्वर्ण ल्याएका छन्। आधारभूत तहतर्फको छात्रा भलिबलमा साइनिङ्ग स्टार एकेडेमी प्रथम, ग्रिनपिस मावि द्धितीय र कृष्ण मावि तृतीय भएका खेलकुदका सदस्य सचिव दिलिप वलीले जानकारी दिए।यस्तै प्रतियोगितामा मावितर्फ प्रथम हुनेलाई ७५ हजार, द्धितिय हुनेलाई ६५ हजार र तृतिय हुनेलाई ५५ हजार रहेको छ भने आवितर्फ प्रथम, द्धितिय र तृतियले क्रमश २५ हजार, २० हजार र १५ हजार प्राप्त गर्नेछन। उत्कृष्ठ खेलाडिलाई ५१ हजार नगद सहित सम्मान गरिनेछ। यस्तै प्रतियोगितामा कोहलपुर नगरक्षेत्रका (सामुदायिक र निजी) ५३ विद्यालयका २ हजार १ सय ६७ जना खेलाडी (छात्रछात्रा) हरुले प्रतियोगितामा सहभागि हुनेछन् भने छात्र १ हजार ३ सय ७ जना र छात्रा ८ सय ६० जना छन्। प्रतियोगितामा एथ्लेटिक्स, भलिवल, कपडी र मार्सलआर्ट रहेका छन्। यो वर्षदेखि चेस विधा थपिएको छ भने चेस प्रतियोगितालाई उपाधिका लागि गणना नहुने नगर खेलकुद विकास समितिका अध्यक्ष चक्र चिमाला क्षेत्रीले जानकारी दिए। प्रतियोगिता २० गते भोली समापन हुनेछ।

हिल्सामा जम्यो कर्णाली नदीमाथि बरफ

नमस्ते समचारदाता
हुम्ला, माघ/१९

नेपाल र चीनको सिमानामा रहेको कर्णाली नदीमाथि बरफ जमेको छ। चिसो अत्यधिक बढेर तापक्रम दिउँसै माइनसमा झरेपछि नदीको पानीमा बरफ जमेको हो। सीमा प्रहरी चौकी हिल्साका प्रहरी सहायक निरीक्षक ललितबहादुर रावतले हिल्सामा कर्णाली नदीमाथि बरफ जमेर मानिस वार पार गर्न सकिने अवस्था रहेको बताए। उनले हिल्सामा बिहान–बेलुका तापक्रम माइनस १४ डिग्री सेल्सियससम्म पुग्ने र दिउँसो दश डिग्री सेल्सियसमा झने भएको कारण चौबीसै घण्टा नदीमा बरफ जम्ने गरेको जानकारी दिए। हिल्सामा नदीको क्षेत्रभर बरफ जमेर सेताम्मे देखिने गरेको जानकारी दिँदै उनले नदी माथि जमेको बरफमा वारपार गर्न सकिने पनि बताए। हिल्सा क्षेत्रको सात मिटर लामो नदीमा बरफ जमेको छ। यसअघि नदीको क्षेत्रभर बरफ कहिल्यै नजमेको तर यस वर्ष चिसो बढी भएको कारण बरफ जमेको स्थानीयले बताएका छन्। हिल्सामा नदी वारी नेपाल र नदी पारी चीन पर्छ। बिगतमा पनि केही निश्चित स्थानमा मात्र बरफ जम्ने गरेको स्थानीयको भोगाइ छ। केही समयअगाडि नदीमाथि जमेको बरफको दुईपट्टि गस्ती गरेर दुवै देशका सुरक्षाकर्मीले सीमा अनुगमन गरेका थिए। हिल्सामा हाल जनपद, सशस्त्र प्रहरी र सात जना स्थानीय होटल कुरावा बस्दै आएका छन्। हिल्सामा बस्दै आएका सुरक्षाकर्मी र स्थानीयले नौमुलेको मुहानमा जमेको बरफलाई फुटाएर खानेपानीको व्यवस्था गर्दै आएका छन्। नारामा दुई फिट हिउँ जमेका कारण अन्य मानिसको आवतजावतसमेत बन्द भएको छ।

ठकुरी एकता समाज मदनचोक द्वारा रक्तदान कार्यक्रम सम्पन्न

नमस्ते समचारदाता
कोहलपुर, माघ/१९

ठकुरी एकता समाज मदनचोक द्वारा बृहत रक्तदान कार्यक्रम सम्पन्न भएको छ। पछिल्लो समय अस्पतालहरुमा रगतको अभाव भैरहेको अवस्थामा रक्तदान गरि ब्लड बैंकहरुलाई सहजता होस भन्ने हेतुले रक्तदानको कार्यक्रमको आयोजना गरिएको ठकुरी एकता समाज कोहलपुर ३ मदनचोकका अध्यक्ष हिमाल शाहीले जानकारी दिनु भयो। उक्त रक्तदान कार्यक्रम मेडिकल कलेज कोहलपुरको ब्लड बैंकमा आयोजना गरिएको थियो। यो अभियान आफुहरुको बार्षिक कार्यक्रम अन्तर्गत रहेको हुदा आगामी दिनहरुमा निरन्तरता दिदै जाने समेत अध्यक्ष शाहीले जानकारी दिनु भयो। पछिल्लो समय कोहलपुर लगाएत देशैभर रहेका ठकुरी जातीहरुले सामाजिक कार्यलाई अगाडी बढाउन आवश्यक रहेको हुदा आफुहरुले यस्ता सामाजिक कामहरु गर्दै आएको संस्थाका सल्लाहकार संयोजक केशब शाहीले बताउनु भयो। गत वर्षपनि ठकुरी समाज मदनचोकले सडकमा जेब्रा क्रसिङ, सडक दुर्घटना न्यूनिकरणका लागि ट्राफिक होर्डिङ बोर्डहरु सडक पेटीहरुमा राखिएको स्मरण गर्नुभयो। यस्तै आगामी दिनमा ठकुरी समाज ठकुरीहरुको मात्र नभइ समाजमा रहेका सबै जातजातीको साझा समुह भएर काम गर्दै जाने संयोजक शाहीले बताउनु भयो। रक्तदान कार्यक्रममा ३६ पईन्ट रगत संकलन भएको थियो।

डोल्पामा हेलिकप्टरबाट सुत्केरीको उद्धार

नमस्ते समचारदाता
डोल्पा, माघ/१९

सालनाल अड्केर गम्भीर अवस्थामा पुगेकी सुत्केरीको राष्ट्रपति महिला उद्धार कोषमार्फत उद्धार गरिएको छ। ठूलीभेरी नगरपालिका-१० रहगाउँकी १९ वर्षीया जुना विकको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरी सुर्खेत लगिएको हो। यही माघ १८ गते आफ्नै घरमा सुत्केरी भई सालनाल ननिस्केर पाठेघरको मुख बन्द भई गम्भीर अवस्थामा पुगेकी विकलाई आज बिहान जिल्ला अस्पताल डोल्पामा पुऱ्याइएको थियो। गम्भीर अवस्थामा आज अस्पताल आएकी विकको अत्यधिक रक्तस्राव भएपछि जिल्ला अस्पताल दुनैले रगत चढाएर अस्पतालको समन्वयमा राष्ट्रपति महिला उद्धार कोषमार्फत उद्धार गरेको जिल्ला अस्पतालका चिकित्सा शाखाप्रमुख डा अखण्ड उपाध्यायले जानकारी दिए। ठूलीभेरी-१० रहगाउँ जिल्ला अस्पतालको नजिकको दूरीमा पर्ने गाउँ भए पनि स्वास्थ्य संस्थामा सुत्केरी गराउनुपर्छ भन्ने चेतनाको कमी हुँदा महिलाको अकालमा ज्यान जाने जोखिम रहेको उनले बताए। गर्भवतीले नियमित स्वास्थ्य परीक्षण नगराउने, घरमा सुत्केरी गराउने र अन्तिम अवस्थामा मात्र अस्पतालमा ल्याउने प्रवृत्तिले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेको डा उपाध्यायले उल्लेख गरे। बालविवाह, सानै उमेरमा गर्भवती हुने, उचित पोषणको कमीलगायत कारणले पनि महिलाको स्वास्थ्य अवस्था कमजोर हुने उनको भनाइ छ।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
चंखेली गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके